# नेपाली कांग्रेस

# 'समुदायमा कांग्रेस' अभियान

*समुदायमा जाऔं, जनताका कुरा सुनौं*

१. **अभियानको नाम**:

'समुदायमा कांग्रेस' अभियान

२. **अभियानको समयावधि**:

माघ १३ गतेदेखि २६ गतेसम्म– पहिलोचरण । पार्टीको महासमितिको बैठक (नीति महाधिवेशन) पछि दोस्रो चरणको अभियान हुनेछ।

३. **अभियानको उद्देश्य:**

४.१. तीनै तहका सरकारसंगका जनताका अपेक्षा, सुझाव, गुनासो सुन्ने बुझ्ने। जनताबाट प्राप्त सुझावलाई तत् तत् तहका सरकारमा पुर्‍याउने, सरकारमा रहेका ठाउँमा कार्यक्रममा समावेश गरी कार्यान्वयनमा अग्रसरता लिने । पार्टी प्रतिपक्षमा रहेका ठाउँमा पार्टीको तर्फबाट समाधानका लागि पहलकदमी लिने।

४.२. स्थानीय स्तरमा सेवा प्रवाहको अबस्था, विकास निर्माण, समुदाय स्तरमा भएका सकारात्मक प्रयास, उपलब्धी र अभ्यासको अबलोकन गर्ने । असल अभ्यास सिक्ने । राम्रा पक्षको ग्रहण र सुधार गर्नुपर्ने विषयमा नीतिगत रुपमा पहलकदमी लिने ।

४.३. जनताबाट आएका सुझावको संकलन र विश्लेषण गरी स्थानीय स्तरबाट टुङ्ग्याउन सकिने विषयको संवोधनका लागि पार्टीको तर्फबाट पहलकदमी लिने/सुनिश्चित गर्ने, सरकारसंग समन्वय गर्ने । पार्टीको नीति निर्माणमा नीतिगत मार्गदर्शनका रुपमा लिने।

४.४. पार्टीका सन्दर्भमा जनताबाट आएका सल्लाह, सुझाव, गुनासाहरू सुन्ने, पार्टीले गरेका प्रयास र उपलब्धी बताउने, भ्रमहरू चिर्ने। जनताका सुझाव बमोजिम स्थानीय स्तरमा गर्नुपर्ने सुधार गर्ने, गराउने र अन्य पार्टीका नीति तथा कार्यक्रममा समावेश गर्ने विषयलाई अभिलेखिकरण गरी केन्द्रमा बुझाउने ।

४.५. संविधानको भावना अनुसार समुदायका वीचको सदभाव र सम्बन्ध प्रगाढ बनाउने गरी 'जनसंवाद र छलफल' गर्ने,

४. **अभियानका लागि प्रतिनिधिहरू**

- प्रत्येक प्रदेशमा केन्द्रीय पदाधिकारी, पूर्व पदाधिकारी वा पार्टीका नेताले अभियानको प्रादेशिक समन्वय, अनुगमन र संयोजन गर्नुहुनेछ। पार्टीका केही केन्द्रीय सदस्यहरू, प्रत्येक प्रदेशका एक एक जना उपसभापति र महामन्त्री सो टोलीमा रहनुहुनेछ भने प्रदेश सभापतिले समग्र प्रदेशस्तरमा अभियानको समन्वय गर्नु हुनेछ। प्रादेशिक टोली विभिन्न गाउँ नगरपालिकामा हुने समुदायमा कांग्रेस अभियानमा सहभागी हुनेछ।
- ७७ वटै जिल्लामा अभियानको संयोजन र सहजिकरण गर्न केन्द्रीय प्रतिनिधि रहनु हुनेछ। केन्द्रीय प्रतिनिधिले नै जिल्लाभित्रका सवै स्थानीय तहमा समेत समन्वय गर्नु

हुनेछ । प्रतिनिधिले अभियान अबधिभर जिल्लामा रही जिल्लामा हुने सवै कामको इन्चार्जको रुपमा काम गर्नु पर्नेछ ।

- केन्द्रीय प्रतिनिधिसंग समन्वय गरी जिल्ला कार्यसमितिबाट जिल्लाभित्रका सवै वडामा प्रतिनिधिहरू खटिनु हुनेछ । (यसरी प्रतिनिधि खटाउँदा महासमिति सदस्य, महाधिवेशन प्रतिनिधि, जिल्ला कार्यसमिति पदाधिकारी र प्रत्यासी लगायतलाई जिल्ला स्तरका वर्तमान र पूर्व नेतृत्वलाई खटाउन सकिनेछ)। वडामा खटिने प्रतिनिधिले अभियान अबधिभर वडामा हुने समुदायमा कांग्रेस अभियान र सांगठनिक गतिविधिको इन्चार्जको रुपमा काम गर्नु पर्नेछ।

५. **अभियानको समय तालिका**

- माघ १३ र १४ गतेसम्म सवै जिल्लामा केन्द्रीय प्रतिनिधि पुगि जिल्ला कार्यसमितिको विस्तारित वैठक वसी अभियानको उद्येश्य र प्रारुपका वारेमा जानकारी दिने र प्रत्येक वडाका लागि प्रतिनिधि खटाउने, अभिमुखीकरण दिने, कार्यक्रम र कार्यतालिका तय गर्नुपर्नेछ।
- माघ १५ गते सम्बन्धित वडामा पुगी वडा कार्यसमितिको बैठक राख्नु पर्नेछ।
- माघ १६ गते शहिद दिवसको दिन ६७४३ वटै वडामा "समुदायमा कांग्रेस" अभियानको प्रारम्भ हुनेछ।
- माघ १६ देखि २४ सम्म वडातहमा समुदायमा कांग्रेस अभियानका विभिन्न कार्यक्रम संचालन हुनेछन ।
- माघ २६ गते सुशील कोइराला स्मृति दिवसका दिन सवै जिल्लामा अभियानको यो चरणको समापन हुनेछ।

६. **समुदायमा कांग्रेस कार्यक्रमको प्रारुप**

क. **खुला छलफल:**

यस अन्तर्गत वडाको पायक पर्ने स्थानमा (आवश्यकता अनुसार १ भन्दा वढी स्थानमा) वडावासीसंग खुल्ला छलफल राखी तीनवटै तहका सरकासंगका जनताका अपेक्षा, गुनासा र सुझाव सुन्ने, पार्टीका बारेमा जनताका सुझाव लिने कार्यक्रम रहनेछन।

ख. **समुहगत छलफल:**

यस अन्तर्गत वडास्थित समुहको रुपमा क्रियाशील रहेका विभिन्न समुहसंग सामुहिक छलफल हुनेछ। उदाहरणको लागि वडास्थित नागरिक समाज, शिक्षक, प्राध्यापक लगायत आमा समुहहरू, युवा क्लवहरू, कृषक समुहहरू, स्वास्थ्य समितिहरू, व्यवसायी समुहहरूसंग समुहगत छलफल गर्न सकिनेछ । यस्ता समुहगत छलफल आवश्यकता अनुसार एक भन्दा वढी हुन सक्नेछन ।

ग. **निर्दिष्ट भेटघाट (फोकस मिटिङ) :**

यस अन्तर्गत कुनै एउटा निश्चित विषयसंग केन्द्रित रही छलफल गर्नु पर्नेछ । उदाहरणको लागि त्यस्तो छलफल विषयसंग सम्बन्धित व्यक्ति, सम्बन्धित सरोकारवाला समुह,

प्राज्ञ, शहिद परिवार वा अरु सम्बन्धित व्यक्ति वा समुहसंग हुन सक्नेछ। स्थानीय आवश्यकता अनुसार यस्तो भेटघाट एकभन्दा वढी गर्न सकिनेछ।

घ. **सेवा प्रवाह अवलोकन:**

यस अन्तर्गत गाउँ–नगरपालिका, वडास्थित सेवा प्रवाह केन्द्र, स्वास्थ्य चौकी वा आधारभूत स्वास्थ्य सेवा केन्द्र, विद्यालय, विकास निर्माण आयोजना, समुदाय र निजी क्षेत्रको प्रयासमा भएका कामहरू लगायतको अबलोकन गरी सेवा प्रवाहको अबस्था बुझ्ने, समस्या सुन्ने कार्यक्रम हुनेछ।

शिक्षा, स्वास्थ्य, कृषि, रोजगारी, उद्यमशिलता लगायतमा नागरिकले गरेका प्रयास र सफलताका कथा खोज्ने, सुन्ने, अवलोकन र संवाद गर्ने कार्यक्रम रहनेछ।

ङ. **स्थानीय सरकार – वडा कार्यालयमा भ्रमण र संवाद:**

यस अन्तर्गत वडा कार्यालयमा पुगि सेवा प्रवाहको अबस्था, समस्याका वारेमा बुझ्ने, सेवाग्राहीसंग संवाद गर्ने, जनप्रतिनिधिसंग अन्तरक्रिया छलफल गर्नुपर्नेछ।

**च. माघ १६ गते शहिद दिवसको दिन अभियानको शुभारम्भ सहित विशेष कार्यक्रम:**

माघ १६ गते शहिद दिवसको दिन ६७४३ वटै वडामा समुदायमा कांग्रेस अभियान शुभारम्भ हुनेछ।

उक्त दिन सम्बन्धित जिल्ला र वडामा खटिएको प्रतिनिधि बाहेक, पार्टीका केन्द्र, प्रदेश र जिल्लास्तरका पदाधिकारी लगायत पार्टीको विभिन्न तह र तप्कामा रहेका व्यक्तिहरू सवै आफु क्रियाशिल रहेको वडामा पुग्नु पर्नेछ।

अभियानका क्रममा वृक्षारोपण, सम्पदा सरसफाई, नदिनाला सरसफाई, शिक्षा शिविर, स्वास्थ्य शिविर, रक्तदान, श्रमदान वा स्वास्थ्यसंग सम्बन्धित वा अन्य कुनै न कुनै वडाले तय गरेको सामाजिक अभियानमा सहभागि हुनु पर्नेछ।

अभियानका क्रममा वडा कार्यसमितिले शहिद परिवार, द्वन्द् पिडित परिवार र प्रजातन्त्र सेनानी लगायतलाई कार्यक्रममा आमन्त्रण गरी सम्मान गर्नुपर्नेछ।

**छ. माघ २६ गते सुशील कोइराला स्मृति दिवसको दिन अभियानको समापन:**

माघ २६ गते सुशील कोइरालाको स्मृति दिवसको दिन सवै जिल्लामा यो चरणको अभियान समापन हुनेछ।

ज. यस अभियान अन्तर्गतका कार्यक्रम जनताका कुरा सुन्ने कार्यक्रम रहने हुँदा पार्टीका कार्यक्रममा हुने औपचारिक ढाँचाका कार्यक्रम जस्तै आसन ग्रहण, भाषण लगायतका कार्यक्रम हुने छैनन।

## ७. अभियानमा खटिएका वडा प्रतिनिधिको जिम्मेवारी

- वडा कार्यसमितिको विस्तारित वैठक राखि अभियानको उद्देश्य वारेमा जानकारी गराउने र अभियानको प्रारुप र तालिका बनाउने। बैठकमा टोल संयोजक र गत स्थानीय तहमा वडामा पार्टीको तर्फबाट निर्वाचित र उम्मेदवारलाई समेत बोलाउने।

- उक्त वैठकबाट माघ १६ गतेदेखि २४ गतेसम्म संचालन हुने समुदायमा कांग्रेस अभियानको कार्यक्रम तालिका र स्थान तय गरी पालिका कार्यसमितिलाई जानकारी गराउने।
- अभियानका क्रममा वडाका प्रत्येक कार्यक्रमा सहभागी हुने।
- पार्टीले उपलब्ध गराएको ढाँचामा विवरण र प्रतिवेदन उपलब्ध गराउने।
- **वडामा खटिने प्रतिनिधिले समुदायमा कांग्रेस अभियानको माथि उल्लेखित जिम्मेवारीका अतिरिक्त देहाय बमोजिमको थप सांगठनिक जिम्मेवारी समेत बहन गर्नेछन।**
    - विधानमा उल्लेखित वडा कार्यसमितिको काम, कर्तव्य, अधिकारबारेमा जानकारी गराउने।
    - वडा कार्यसमितिको बैठक नियमित रुपमा बसे नवसेको, टोल कार्यसमिति गठन भए नभएको, कार्यसमितिले पूर्णता पाए नपाएको, वडा सम्मेलन भए नभएको सम्बन्धमा जानकारी लिने र विधानसम्मत काम गर्न लगाउने।
    - सदस्यता अभियान (वितरण, नविकरण लगायत) को बारेमा जानकारी लिने र वितरण कार्यलाई तदारुकताका साथ अगाडि वढाउने।
    - वडाको वार्षिक कार्यतालिका बनाउने । जसमा पचास प्रतिशत सांगठनिक गतिविधि र पचास प्रतिशत समुदायमा जोडिने गरी कार्यक्रम बनाउने।
    - पार्टीको तर्फबाट जितेका वडामा पार्टी जनप्रतिनिधि संवाद गर्ने र समन्वयका लागि देहायको समन्वय संयन्त्र बनाउने। जसमा सामान्यतः

        क. जनप्रतिनिधिबाट निर्वाचित वा उम्मेदवार सहित सवै जना

        ख. पार्टीबाट सभापति सहित ३ जना

        ग. सामाजिक व्यक्ति (पार्टीका सुभचिन्तक) बाट २ जना

      **संयन्त्रले गर्ने काम**

        - समन्वय संयन्त्रले हरेक २ महिनामा बैठक बस्ने, समिक्षा गर्ने, कमिकमजोरी भए सच्याउने, राम्रा काममा सहजिकरण गर्ने।
        - पार्टीको तर्फबाट जनचासोका विषय स्थानीय सरकार समक्ष पुर्याउने।
        - वार्षिक योजना कार्यक्रममा सहयोग र समन्वय गर्ने।
        - संयन्त्रले छ–छ महिनामा स्वमुल्याङ्कन गर्ने र पार्टीको समन्वय तथा सहजिकरण संयन्त्रमा पठाउने।

## ८. केन्द्रीय प्रतिनिधिको जिम्मेवारी र दायित्व

- जिल्ला कार्यसमितिको विस्तारित वैठकमा अभियानको प्रारुप, उद्देश्य र कार्यविवरण बारे बताउने। प्रत्येक वडाका लागि प्रतिनिधि खटाउन जिल्ला कार्यसमितिसंग समन्वय गर्ने।
- अभियानका बारेमा प्रतिनिधिलाई अभिमुखिकरण गर्ने।
- समुदायमा कांग्रेस अभियानका कार्यक्रम तय गर्न र कार्यान्वयन गर्न जिल्ला कार्यसमिति र वडा प्रतिनिधिलाई निरन्तर समन्वय गर्ने।

- अभियानको समन्वय र अनुगमनका लागि प्रदेशस्तरमा खटिएका केन्द्रका पदाधिकारी वा पूर्व पदाधिकारीसंग समन्वय गरी समुदाय केन्द्रीत पालिका वा वडास्तरका कार्यक्रममा सहभागिताका लागि सहजिकरण गर्ने। प्रदेश कार्यसमितिसंग समन्वय गर्ने।
- जिल्लास्थित स्थानीय तहहरूमा पुगि सेवा प्रवाह लगायतको अबस्था अबलोकन गर्ने, पार्टी र स्थानीय सरकारबीच संवाद गर्ने। आवश्यक समन्वय र सहजिकरण गर्ने।
- सम्भव भएसम्म जिल्लास्थित प्रत्येक स्थानीय तह समेटिने गरी वडा केन्द्रित अभियानमा सहभागी हुने।
- जिल्ला र मातहतका समितिको मासिक क्यालेण्डर तय गर्न लगाउने।
- अभियानको अभिलेखिकरण गर्ने–गर्न लगाउने।
- जनताबाट स्थानीय तहका लागि आएका सुझाव त्यही हल गर्ने प्रयास गर्ने, अन्य सुझाव पार्टी केन्द्रमा उपलब्ध गराउने।
- पार्टीले उपलब्ध गराएको प्रारुपमा प्रतिवेदन उपलब्ध गराउने।

**अन्य सांगठनिक काम**

- पार्टीको तर्फबाट जितेका स्थानीय तहमा पार्टी जनप्रतिनिधिसंग संवास गर्ने र समन्वयका लागि हरेक स्थानीय तहमा समन्वय र सहजीकरण संयन्त्र बनाउने।

  क. जनप्रतिनिधिबाट निर्वाचित वा उम्मेदवार सहित ३ जना

  ख. पार्टीबाट सभापति सहित ३ जना

  ग. सामाजिक व्यक्ति (पार्टीका शुभचिन्तक) बाट २ जना

  **संयन्त्रले गर्ने काम**

  - समन्वय संयन्त्रले हरेक २ महिनामा बैठक बस्ने, समिक्षा गर्ने, कमिकमजोरी भए सच्याउने, राम्रा काममा सहजिकरण गर्ने।
  - पार्टीको तर्फबाट जनचासोका विषय स्थानीय सरकार समक्ष पुर्याउने।
  - वार्षिक योजना कार्यक्रममा सहयोग र समन्वय गर्ने।
  - संयन्त्रले छ–छ महिनामा स्वमुल्याङ्कन गर्ने र पार्टीको समन्वय तथा सहजिकरण संयन्त्रमा पठाउने।
- जिल्ला कार्यसमितिसंग बैठक गरी पार्टीका अन्य सांगठनिक कामहरू जस्तै, वैठक, सम्मेलन, सदस्यता लगायतका विषयमा छलफल गर्ने र समाधानका लागि प्रयास गर्ने, कार्यान्वयनका लागि आवश्यक निर्देशन दिने। जिल्ला लगायत मातहतका सवै सम्मेलन सुनिश्चित गर्ने, पार्टीको क्यालेण्डर जानकारी गराउने र बनाउन लगाउने।
- पार्टीको आसन्न महासमिति वैठक (नीति महाधिवेशन) मा पार्टीको सांगठनिक लगायत प्रस्तावका लागि पार्टीको जिल्ला तहबाट आवश्यक सुझावहरू संकलन गरी केन्द्रमा उपलब्ध गराउने।

९. **अभियानमा प्रदेशमा खटिने केन्द्रीय पदाधिकारी वा पूर्व पदाधिकारीको भूमिका**

- अभियानको समग्र प्रादेशिक संयोजन र अनुगमन गर्ने।
- जिल्लामा खटिएका प्रतिनिधिसंग समन्वय गरी तोकिएका जिल्ला अन्तर्गत स्थानीय तहका सेवा केन्द्र, अस्पताल, विद्यालय, विकास योजना लगायतमा पुग्ने।
- समुदायसंग अन्तरक्रिया र संवाद गर्ने।

## १०. अभियानमा प्रदेश कार्यसमितिको भूमिका

**समुदायमा कांग्रेस अभियानमा नेपाली कांग्रेस ७ प्रदेश कार्यसमितिको ७ जिम्मेवारी**

(१) "समुदायमा कांग्रेस अभियान" आफ्नो प्रदेशमा व्यवस्थित र प्रभावकारी बनाउन सम्पुर्ण समन्वय गर्ने ।

(२) आफ्नो प्रदेश भित्रको अभियानमा प्रदेशको भावना र अपेक्षा अनुरुप कार्यक्रमको स्वरुप र बिषयलाई थप परिस्कृत र विस्तारित गर्ने ।

(३) अभियानका लागि केन्द्रीय कार्यालयले जिल्लामा खटाएका केन्द्रीय प्रतिनिधिसंग समन्वय गर्ने।

(४) आफ्नो प्रदेश भित्रका जिल्ला, प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचन क्षेत्रमा प्रदेश प्रतिनिधि खटाउने।

(५) प्रदेश कार्यसमितिका उपसभापति, महामन्त्री र पदाधिकारीहरुलाई केन्द्रबाट प्रदेश स्तरीय रूपमा खटिएको भिन्न दुई टोलीमा खटाउने । पदाधिकारीहरु सम्पुर्ण रुपले तोकिएको फिल्ड समन्वयमा केन्द्रित रहने ।

(६) प्रदेश सभापतिले नियमित र निरन्तर रूपमा आफ्नो प्रदेश भित्रका सबै जिल्लाको अभियान केन्द्रित कार्यक्रमको अपेक्षित गति बढाउन प्रत्यक्ष सम्पर्क मार्फत संयोजन र सहजीकरण गर्ने ।

(७) अभियान क्रममा आफ्नो प्रदेश भित्र भइरहेका सम्पुर्ण कार्यक्रमको स्थानीय र राष्ट्रिय मिडिया तथा सामाजिक संजालबाट नियमित प्रचार गर्न गराउन प्रचार विभागसँगै चुस्त संयन्त्र परिचालन गर्ने ।

## ११. अभियानमा जिल्ला कार्यसमितिको भूमिका:

- केन्द्रीय प्रतिनिधिको उपस्थितिमा जिल्ला कार्यसमितिको विस्तारित बैठक राखी अभियानको बारेमा जानकारी गराउने।
- सबै संघीय क्षेत्र र गाउँ–नगरपालिका कार्यसमिति समेतसँग समन्वय गरेर जिल्लाको सबै वडा तहसम्म अभियानका लागि जिल्ला प्रतिनिधि खटाउने।
- वडा तहमा खटिने प्रतिनिधिलाई अभिमुखिकरण गर्ने।
- अभियानको समग्र संयोजन र जिल्लामा खटिएका केन्द्रीय प्रतिनिधिलाई सहजिकरण गर्ने।
- केन्द्रीय प्रतिनिधि कुन कुन कार्यक्रममा सहभागी हुने भन्ने तय गर्ने र समन्वय गर्ने।

## १२. अभियानमा गाउँ–नगरपालिका कार्यसमितिको भूमिका:

- केन्द्रीय प्रतिनिधिलाई सहजिकरण र गाउँ–नगरपालिकामा हुने कार्यक्रमको समन्वय गर्ने।
- वडातहमा हुने समुदायमा कांग्रेस अभियानका कार्यक्रममा सहभागिता र सहजिकरण गर्ने।

## १३. अभियानमा वडा कार्यसमितिको भूमिका

- समुदायमा कांग्रेस अभियान विशेषत: वडा केन्द्रित अभियान भएकोले वडाका लागि खटिएका प्रतिनिधिलाई समग्र सहिकरण र समन्वय गर्ने।
- वडा कार्यसमितिको विस्तारित वैठक राखि कार्यक्रमको प्रारुप अनुसार कार्यक्रम कार्यतालिका तय गर्ने र कार्यान्वयन गर्ने। टोल कार्यसमितिलाई क्रियाशील बनाउने।

**जय नेपाल!**

****